लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
राप्ती उपत्यका (देउखुरी), नेपाल

## सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/१६

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (PPIU) को चालू आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कुनै एक वा बढी विषय वा क्षेत्रहरुमा कार्य गर्न सूचीकृत भएका फर्महरु अपर्याप्त रहेकाले इच्छुक योग्यता पुगेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम १८ बमोजिम सूचना जारी भएको मितिले ७ (सात) दिन अर्थात मिति २०८०/१२/२२ भित्र सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सम्ममा सूची दर्ता गराउन यो सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक परामर्शदाताहरुले तल दिइएको ठेगानामा ईमेल (ppiu.lumbini@gmail.com) मार्फत अथवा खामबन्दी रीतपुर्वकको निवेदन पठाउन अनुरोध गरिन्छ। यस सम्बन्धी अन्य विषयहरूको हकमा कानून बमोजिम सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ।

<u>तपशिल</u>

### १.परामर्श सेवाका क्षेत्र तथा विषयहरूः

क) प्रदेश तथा स्थानीय एकीकृत सूचना प्रणाली स्तर उन्नति (प्रदेश मन्त्रालय र निकायको तथ्यांक सहित)
ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सिकाई, असल अभ्यासको अभिलेखीकरण/बूक्लेट प्रकाशन
ग) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमवाट संचालित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने।

### २.आवश्यक कागजातहरूः

क) रीत पूर्वक ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफुले काम गर्न चाहेको बिषय क्षेत्र स्पष्ट उल्लेख भएको)।
ख) फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
घ) आ. व. २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्र
ङ) फर्म, संस्था वा कम्पनीको प्रोफाइल र व्यक्तिको हकमा बायोडाटा।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

च) फर्म, संस्था र कम्पनीको हकमा आ. ब. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन

छ) सम्बन्धित क्षेत्रको कार्य अनुभव र कार्यक्षमता खुल्ने कागजातहरु

ज) कालो सूचीमा नरहेको स्व-घोषणा।

३. माथि बुंदा न. २ मा उल्लेखित सम्पूर्ण कागजातहरु (प्रत्येक बिषय क्षेत्रको छुट्टाछुट्टै निबेदन र कागजात) तल उल्लेखित ठेगानामा कार्यालय समयमा पेश गर्नुपर्नेछ।

४. आवेदक फर्म, संस्था, कम्पनी वा व्यक्तिको अधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधारमानी सूचीतयार गरिनेछ। नियमानुसार सूचीकृतमा परेका आवेदकहरुबाट आवश्यकता अनुसार प्रस्ताव माग गरिनेछ।

५. सूची दर्ताको निबेदन ढांचा प्राप्त गर्नका लागि तल दिइएको ईमेलमा कार्यालय समयभित्र माग गर्न सकिने वा कार्यालयको वेबसाईट https://ocmcm.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

निवेदन पेश गर्ने ठेगाना

मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
राप्ती उपत्यका (देउखुरी), नेपाल

इमेलः **ppiu.lumbini@gmail.com**

फोनः ०८२-५९०४१५